## कर्णाली प्रदेश

### जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

# कर्णाली प्रदेशको खानेपानी, सरसफाइ तथा स्वच्छता आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना




२०७९

# बिषयसूची


१. पृष्ठभुमी ...... ३

२. परिदृश्य ...... ४

३. खानेपानी, सरसफाइ तथा स्वच्छता ...... ९

५. लक्षित रणनीति ...... १०

६. बाढी, पहिरो, चट्याङ बाट प्रभावित हुन सक्ने लक्षित घरधुरी तथा जनसंख्या ...... १०

७. खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था ...... ११

८. प्रमुख चुनौतीहरू ...... ११

९. उद्देश्य ...... १२

१०. प्रतिकार्यका प्राथमिकताहरू ...... १२

११. विपत पूर्वतयारीका रणनीतिक क्रियाकलापहरू ...... १३

१२. प्रतिकार्यका मुख्य क्रियाकलापहरू ...... १४

१३. प्रतिकार्य कार्यान्वयनका मापदण्डहरू ...... १४

१४. विपद् पूर्वतयारीका प्रमुख क्रियाकलाप तथा कार्ययोजनाहरू ...... १६

१५. विषयगत क्षेत्रको पूर्वानुमानमा आधारीत पूर्वतयारी योजना ...... १८

१६.. विपद् प्रतिकार्यको कार्ययोजना ...... १९

१७. खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला ...... २१

२०. खानेपानी, सरसफाइ तथा स्वच्छता कलस्टरको मनसुन द्रुत प्रतिकार्य सदस्यहरू ...... २२

२१. जिल्लागत रुपमा लिड सम्पर्क ब्यक्तिहरू ...... २५


२२. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रतिकार्यका लागि तालिम प्राप्त जनशक्तीको बिवरण ...... २७

२३. आपूर्तिकर्ताको सूची ...... २७

# कर्णाली प्रदेशको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना - २०७९

## १. पृष्ठभुमी

विश्वमा आउने विविध प्रकारका जोखिमको खतराको सूचीमा नेपाल अग्रस्थानमै रहेको देखिन्छ । नेपाल विश्वको सबैभन्दा बढि जोखिम प्रभावित देशहरू मध्ये शीर्ष २० औं स्थानमा रहेको छ । नेपाल विश्वमा घट्ने विभिन्न प्रकारका प्रकोपहरू मध्ये जलवायु परिवर्तन, भूकम्प र बाढीको जोखिममा क्रमशः ४ औं, ११औं र ३० औं स्थानमा पर्दछ । नेपालमा हुने ठूला प्रकोपहरू मध्ये भूकम्प, बाढी, पहिरो, आगलागि, खडेरी, महामारी, आँधीबेहरी, असिना, हिमपहिरो र हिमताल फुटेर आउने बाढी र पहिरो यस प्रदेशका प्रमुख प्रकोपको विपद् जोखिमका रुपमा पर्दछन्। (गृह मन्त्रालय २०१६)




नेपाललाई सामान्यतयाः तराई, पहाड र हिमाल गरी तीन भौगोलिक क्षेत्रमा वर्गीकरण गरिएको छ। जसमध्ये पहाड र हिमालहरूमा पहिरो र लेदो बग्ने क्षेत्रहरू अत्यधिक संवेदनशील हुन्छन्। अधिकांश पहाड भिरालो र कमजोर भू-बनोट भएको कारण यहाँ बाढी, पहिरो, गेग्रान वहाव तथा ढुङ्गा खस्ने तथा पल्टिने जस्ता प्राकृतिक प्रकोपले गर्दा खासगरी बर्षातको समयमा दुर्घटना निम्तिने विपद् जोखिम धेरै छ, जुन जलबायु परिवर्तनका कारण बढ्दै गएको पाइन्छ ।

बर्षातको समयमा पहाडी र हिमाली क्षेत्रहरूमा पहिरो र भूक्षयको कारण धेरै मानिसले ज्यान गुमाउनुका साथै अशक्त/घाइते हुने गर्दछन्। नेपालका अधिकांश तराई भूभागको समतल क्षेत्रहरूमा बाढी तथा डुबानको उच्च जोखिम रहेका छन्, जहाँ नदीको किनारमा लेदो जम्ने तथा डुबान हुने समस्या बढी नै देखिन्छ ।

नेपालको सन्दर्भमा आपतकालीन प्रतिकार्य योजना भूकम्प, बाढी, पहिरो, महामारी र भूक्षय जस्ता प्राकृतिक प्रकोपहरूमा विगतको अनुभव र राष्ट्रिय आपतकालीन प्रतिकार्य योजनाको आधारमा विभिन्न प्रकारका क्षेत्रगत प्रतिकार्य योजना निर्माण गरिएका छन् ।साधारणतया बाढी र पहिरोको कारण नेपालमा प्रति वर्ष औसतमा ३०० जनाको मृत्यु र १० करोड अमेरिकी डलरभन्दा बढीको आर्थिक क्षति हुने गरेको छ। बाढी तथा पहिरो एक प्राकृतिक विपद् जोखिम हो। विशेष गरी नेपालको विभिन्न क्षेत्रहरूमा बर्षातको समय अक्सर गरेर जुन देखि सेप्टेम्बर महिनामा बर्षेनी रूपमा अत्यधिक क्षति पुऱ्याउने गरेको छ ।

विगतमा नेपालले प्रत्येक वर्ष मौसमी बाढीको प्रभावबाट ठूलो धनजन, बस्तु चौपाय, खेति योग्य जमिन, वनजंगल, भौतिक पूर्वाधार तथा अन्य नोक्सानी भइ पिडा भोग्नु परिरहेको छ । तिनाउ क्षेत्र (१९७८), कोशी नदी (२००८), सेती बाढी/पहिरो (२०११), दार्चुला बाढी (२०१३), जुरे बाढी/पहिरो (२०१४), मध्यपश्चिमी क्षेत्र बाढी (२०१४), बहुनदी क्षेत्र बाढी (२०१७) यसका उदाहरणहरू हुन् । अगस्ट २०१७ मा भएको ठूलो वर्षाका कारण १७ वटा जिल्लाहरूमा बाढी र पहिरो गइ १३४ जनाले ज्यान गुमाए भने करिब ३०,००० परिवारलाई प्रत्यक्ष रूपमा असर पुगेको थियो । जुन घटना नसेलाउदै सन् २०१७ मै फेरि ठूलो बाढी आउँदा ३५ भन्दा बढी जिल्लामा प्रभाव पारी ६५००० घरहरू पूर्ण रूपमा क्षेतिग्रस्त भयो र १७०००० भन्दा बढी मानिस प्रभावित भए, जुन नेपालको सबैभन्दा ठूलो विनाशकारी बाढी मध्ये एक हो।

यसका साथै, विगतमा पानीजन्य रोग जस्तैः हैजा, झाडापखाला, महामारी, आउँ आदिले पनि मुलुकलाई आक्रान्त परेको देखिन्छ। तथापी हाल आएर यसको प्रभाव उल्लेखनीय रूपमा घट्दै गएको छ।जाजरकोट लगायतका स्थानमा सन् २००९ मा भएको उक्त महामारीको प्रकोपले हजारौं मानिसहरूलाई असर गरी केही दिनमै करिव ४८० व्यक्तिहरूको मृत्यु भयो।हाल विश्वमा महामारीका रुपमा फैलिएको संक्रामक रोग "कोरोना भाइरस (कोभिड-१९)" बाट नेपाल लगायत विश्वका अधिकांश मानिसहरू संक्रमिक भए र कैयौले ज्यान गुमाए ।

यस्ता खालका प्रकोपहरूबाट प्रभावित मानिसहरूको जीवन बचाउन खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा महत्वपूर्ण रहन्छ। विभिन्न प्रकोपका कारणले विस्थापित जनसंख्या र प्रभावित नभएका तर उच्च जोखिममा रहेका समुदायहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको निरन्तर सुनिश्चिता गरी प्रकोप पश्चात पानीजन्य रोगको जोखिम कम गर्न विभिन्न तहमा समयमै पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्न आवश्यक देखिन्छ। तसर्थ भुकम्प, पहिरो, बाढी लगायत जनस्वास्थ्य सम्बन्धी महामारीको जोखिमयुक्त/प्रकोपहरू रहेका कर्णाली प्रदेश भित्रका क्षेत्रमा तत्काल खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरूको प्रभावकारी प्रतिकार्यका लागि यो आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ ।




## २. परिदृश्य

विगत ११ वर्ष (सन् २०११ जनवरी देखि सन् २०२२ मार्च ३० सम्म) को कर्णाली प्रदेशको विपद्को इतिहासलाई नियाल्दा १४५२ विपद्का घटनामा ६१२ जनाको मृत्यु, ६९८ जना घाईते र १९४ जना बेपत्ता भएको देखिन्छ । यस अवधिमा ८९४३ परिवार प्रभावित, २४४८ घर पूर्ण रुपमा क्षति र ५४८१ घर आंशिक रुपमा क्षति भएको देखिन्छ । विपदबाट अनुमानित रु. ११,००,४५,४५,९२१ बराबरको क्षति भएको देखिन्छ ।

त्यस्तै, जिल्लागत रुपमा विश्लेषण गर्दा कालिकोटमा ११ वर्षको अवधिमा सवैभन्दा धेरै ९५ जना, जाजरकोटमा ८२ जना, सुर्खेतमा ६५ जना, हुम्लामा ४९ जना, दैलेखमा ४८ जना, सल्यानमा ४१ जना, डोल्पामा ३६ जना, जुम्लामा ३५ जना, रुकुमपश्चिममा २४ जना र मुगुमा १२ जनाको मृत्यु भएको देखिन्छ । यस अवधिमा घाईतेहरूको आँकडा हेर्दा सुर्खेतमा १२४, कालिकोटमा ११५ जना, जाजरकोटमा १०८ जना, रुकुम पश्चिममा ८८ जना, दैलेखमा ७८ जना, सल्यानमा ६६ जना, हुम्लामा ४४ जना, जुम्लामा ३६ जना, डोल्पामा २५ जना, मुगुमा १६ जना घाईते भएको देखिन्छ । यस अवधिमा प्रभावित परिवार ८९४३ मध्ये सवैभन्दा वढी प्रभावित भएको जिल्ला सुर्खेतमा ४१५६ परिवार, मुगुमा २९०४ परिवार, हुम्लामा ३८२ परिवार, रुकुमपश्चिममा ३६१ परिवार, कालिकोटमा २७४ परिवार, दैलेखमा २५६ परिवार, सल्यानमा २१५ परिवार, जाजरकोटमा १७६ परिवार, जुम्लामा १११ परिवार र डोल्पामा १०८ परिवार रहेका छन् । यस अवधिको अनुमानित क्षतिको विवरणलाई हेर्दा सवैभन्दा वढी क्षति सुर्खेतमा रु. १०,२५,९३,२३,९९८, मुगुमा रु. २०,०२,३७,०००, जुम्लामा रु १३०७५८०००, हुम्लामा रु. १०,५२,१५,१४०, दैलेखमा रु. १०,०२,५२,२५५, सल्यानमा रु. ६,४३,२४,४००, कालिकोटमा रु. ४,७९,२७,६७८, डोल्पामा ४४२६०६००, रुकुम पश्चिममा रु. ४५०८९००० र जाजरकोटमा रु.७१,५७,८५० बराबरको क्षति भएको देखिन्छ । घाईते र बेपत्ता भएका व्यक्तिहरूको संख्या तथा पूर्ण र आंशिक क्षति भएका घरहरूको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं १: प्रदेशको विगत ११ वर्ष (सन् २०११ जनवरी देखि सन् २०२२ मार्चसम्म) मा विपद्बाट भएको क्षतिको विवरण

| जिल्ला | विपद्को घटना संख्या | मृत्यु | घाइते | हराएका व्यक्ती संख्या | प्रभावित परिवार संख्या | अनुमानित क्षति (रु हजारमा) | पूर्ण घर क्षति | आंशिक घर क्षति |
|---|---|---|---|---|---|---|---|---|
| कालिकोट | १५३ | ९५ | ११५ | २८ | २७४ | ४७,९२७.६७ | १३१ | ११८ |
| हुम्ला | १४७ | ४९ | ४४ | ५ | ३८२ | १०५,२१५.१४ | १९४ | १२६ |
| जुम्ला | ८४ | ३५ | ३६ | ६ | १११ | १३०,७५८.०० | ४८ | ७ |
| डोल्पा | ८६ | ३६ | २५ | १३ | १०८ | ४४,२६०.६० | ५३ | १८ |
| मुगु | ५९ | १२ | १६ | ६ | २९०४ | २००,२३७.०० | १०३ | ८ |
| दैलेख | १४५ | ४८ | ७८ | ८ | २५६ | १००,२५२.२५ | १०९ | ३१५ |
| रूकुमपश्चिम | १३८ | २४ | ८८ | १ | ३६१ | ४५,०८९.०० | ७१ | ३४ |
| सल्यान | १७८ | ४१ | ६६ | ७ | २१५ | ६४,३२४.४० | १४५ | ३७० |
| सुर्खेत | २७५ | ६५ | १२४ | १०४ | ४१५६ | १०,२५९,३२३.९९ | १५३८ | २५५८ |
| जाजरकोट | १६० | ८२ | १०८ | १६ | १७६ | ७,१५७.८५ | ३६ | १९२७ |
| **कूल** | **१,४२५** | **४८७** | **७००** | **१९४** | **८९४३** | **११,००४,५४५.९०** | **२,४२८** | **५,४८१** |

स्रोतः विगत ११ वर्ष मा कर्णाली प्रदेशको प्रहरी घटना दर्ता

माथिको तालिकामा समग्रमा विपद् बाट जिल्ला र समग्र प्रदेशमा भएको क्षतिको विवरण देखाइएको छ ।कर्णाली प्रदेश भित्रका जिल्लाहरूमा विभिन्न प्रकारका विपद्का घटना र त्यसबाट भएको क्षतिको विस्तृत विवरण (सन् २०११ जनवरी देखि सन् २०२२ मार्चसम्मको) तालिका २ मा देखाइएको छ ।

**तालिका नं २: प्रकोप र जिल्ला अनुसारको विपद्को क्षतिको विस्तृत विवरण**

| प्रकोप/वपिद् | जिल्ला | विपद्को घटना संख्या | मृत्यु | घाइते | हराए का व्यक्ति को संख्या | प्रभावित जम्मा परिवार संख्या | अनुमानित क्षति (रू हजारमा) | पूर्ण घर क्षत | आंशिक घर क्षति |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | हुम्ला | २१ | १० | १२ | ४ | १८ | ५४७५ | २५ | ० |
| | जुम्ला | ५ | १२ | ८ | १ | ७ | ० | १ | ० |
| | कालिकोट | ५६ | ६५ | ४० | ६ | ७२ | १७७.४ | ३८ | १ |
| | मुगु | ८ | ३ | २ | १ | ८ | ७०० | १ | ० |
| | दैलेख | ३० | १५ | १२ | ५ | १५२ | ८६७४० | ५८ | ४६ |
| | सुर्खेत | १८ | ८ | १६ | १ | १६ | ३१५० | ६ | ३ |
| | जाजरकोट | ४२ | ४५ | ३३ | ४ | ६१ | ८०० | १३ | १४ |
| | रूकुमपश्चिम | ३४ | १० | ८ | १ | ५० | १३८० | २३ | २ |
| | सल्यान | १८ | १३ | ५ | ० | १४ | ५५०० | १२ | ६ |
| | डोल्पा | १८ | ११ | ५ | ८ | १५ | १८५७.८ | ७ | ४ |
| | **जम्मा** | **२५०** | **१९२** | **१४१** | **३१** | **४१३** | **१०५७८०.२** | **१८४** | **७६** |
| बाढी | हुम्ला | ७ | ० | ० | १ | ३३ | ३२७६ | २ | ० |
| | जुम्ला | ११ | ७ | ० | ४ | ३ | ० | ० | ० |
| | कालिकोट | १५ | १३ | ३ | २१ | २७ | ० | १३ | ७ |
| | मुगु | ७ | ० | ० | ५ | ७३ | ० | ११ | ० |
| | दैलेख | ८ | ७ | ० | ३ | ८ | १००० | ० | ५ |
| | सुर्खेत | १५ | ३७ | २९ | ९९ | ३८८४ | १००५२८५०.८१ | १४२८ | २४५४ |
| | जाजरकोट | १५ | ३ | १ | १२ | १६ | १०५८ | ४ | ० |
| | सल्यान | १४ | ६ | २ | ७ | ८ | ० | ० | ० |
| | डोल्पा | ८ | ८ | ० | ३ | ९ | ३५६१ | १ | १ |
| | **जम्मा** | **१००** | **८१** | **३५** | **१५५** | **४०६१** | **१००६१७४५.८१** | **१४५९** | **२४६७** |
| आगलागि | हुम्ला | ३६ | १० | २४ | ० | ११८ | ६२२१७.२४ | ८२ | १० |
| | जुम्ला | ३५ | ८ | १ | ० | ५६ | १३०५०८ | ४३ | ४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कालिकोट | ४९ | १० | १९ | ० | १३८ | ४६६८० | ६९ | ११ |
| | मुगु | २९ | २ | ३ | ० | ९१ | ६२४७२ | ९० | ७ |
| | दैलेख | ३८ | ९ | ७ | ० | ३४ | १११८०.२५ | २० | १० |
| | सुर्खेत | १६९ | १० | १८ | ० | १७९ | २०१०५७.२५ | ८२ | ३६ |
| | जाजरकोट | ३४ | ६ | १९ | ० | ३४ | १२३९.८५ | ८ | १४ |
| | रूकुमपश्चिम | ४२ | २ | १४ | ० | ६३ | ३५८५६ | २९ | १८ |
| | सल्यान | १०० | ९ | ११ | ० | १४९ | ५६८८२.९ | ९५ | २९ |
| | डोल्पा | १७ | २ | ९ | ० | २५ | ३५६१ | १५ | १ |
| | **जम्मा** | **५४९** | **६८** | **१२५** | **०** | **८८७** | **६११६५४.४९** | **५३३** | **१४०** |
| जंगलमा आगलागि | कालिकोट | १ | ० | १ | ० | ० | ० | ० | ० |
| | सल्यान | २ | १ | ० | ० | १ | ० | ० | ० |
| | **जम्मा** | **३** | **१** | **१** | **०** | **१** | **०** | **०** | **०** |
| माहामारी | हुम्ला | १ | १६ | ० | ० | ० | ० | ० | ० |
| | कालिकोट | १ | ० | १ | ० | ० | ० | ० | ० |
| | दैलेख | १ | २ | ० | ० | २ | ० | ० | ० |
| | जाजरकोट | १६ | १६ | ० | ० | १४ | १८०० | ० | ० |
| | सल्यान | २ | १ | ० | ० | १ | ० | ० | ० |
| | डोल्पा | २ | ७ | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **२३** | **४२** | **१** | **०** | **१७** | **१८००** | **०** | **०** |
| चटयाङ्ग | जुम्ला | १२ | ५ | १० | ० | २८ | ० | ० | ० |
| | कालिकोट | ११ | ४ | २४ | ० | १४ | १४०० | १ | ६ |
| | मुगु | ५ | २ | ११ | ० | ८ | ० | ० | ० |
| | दैलेख | ३८ | ९ | ४५ | ० | ३१ | १३३२ | २ | ४ |
| | सुर्खेत | ३८ | ९ | ४७ | ० | ३० | २७९.९३ | ३ | ७ |
| | जाजरकोट | २१ | ८ | २२ | ० | १५ | ५० | २ | ० |
| | रूकुमपश्चिम | ३७ | ६ | ६० | ० | ८४ | ० | ० | ० |
| | सल्यान | २७ | ७ | ४० | ० | २५ | १५८४.५ | ६ | २ |
| | डोल्पा | १ | ० | ६ | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **१९०** | **५०** | **२६५** | **०** | **२३५** | **४६४६.४३** | **१४** | **१९** |
| अतवृिष्टि | हुम्ला | ८७ | ० | ३ | ० | २०१ | ३३११६.९ | ८४ | ८७ |
| | जुम्ला | ४ | ० | ० | ० | ३ | ० | २ | १ |
| | कालिकोट | ९ | २ | १० | ० | ९ | ० | ३ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मुगु | ४ | ० | ० | ० | २७२० | १३७०६५ | १ | १ |
| | दैलेख | २१ | २ | ४ | ० | २२ | ० | २७ | ७ |
| | सुर्खेत | २० | ० | २ | ० | २० | १९८६ | १६ | ३ |
| | जाजरकोट | १६ | ० | २४ | ० | २५ | १२३८ | ८ | ६ |
| | रूकुमपश्चिम | १० | १ | ० | ० | १४ | १४६१ | ७ | २ |
| | सल्यान | १२ | ५ | १ | ० | १२ | ३५७ | ७ | ६ |
| | डोल्पा | २४ | २ | ५ | ० | ३७ | ६०२७ | २९ | ६ |
| | **जम्मा** | **२०७** | **१२** | **४९** | **०** | **३०६३** | **१८१२५०.९** | **१८४** | **११९** |
| जनावर आक्रमण | जुम्ला | ९ | १ | १२ | ० | ११ | ० | ० | ० |
| | कालिकोट | ६ | ० | ९ | ० | ८ | ० | ० | ० |
| | जाजरकोट | १ | ० | ३ | ० | ३ | ० | ० | ० |
| | रूकुमपश्चिम | १ | ० | २ | ० | २ | ० | ० | ० |
| | सल्यान | १ | ० | १ | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **१८** | **१** | **२७** | **०** | **२४** | **०** | **०** | **०** |
| सर्पको टोकाइ | दैलेख | १ | १ | १ | ० | १ | ० | ० | ० |
| | रूकुमपश्चिम | १ | ० | १ | ० | १ | ० | ० | ० |
| | **जम्मा** | **२** | **१** | **२** | **०** | **२** | **०** | **०** | **०** |
| | रूकुमपश्चिम | १ | ० | ० | ० | १२५ | २९२ | ० | ० |
| असिना | **जम्मा** | **१** | **०** | **०** | **०** | **१२५** | **२९२** | **०** | **०** |
| हाई अल्टीच्युट | हुम्ला | ८ | १० | ० | ० | ८ | ० | ० | ० |
| | मुगु | ३ | ३ | ० | ० | ० | ० | ० | ० |
| | जाजरकोट | १ | १ | ३ | ० | ४ | ० | ० | ० |
| | **जम्मा** | **१२** | **१४** | **३** | **०** | **१२** | **०** | **०** | **०** |
| भूकम्प | जाजरकोट | २ | ० | ३ | ० | ० | ० | ० | १८७९ |
| | सल्यान | १ | ० | २ | ० | ० | ० | २५ | २९९ |
| | **जम्मा** | **३** | **०** | **५** | **०** | **०** | **०** | **२५** | **२१७८** |
| हावाहुरी / आँधी | हुम्ला | २ | ० | ० | ० | २ | ३१० | १ | १ |
| | जुम्ला | १ | ० | ० | ० | १ | २५० | ० | ० |
| | कालिकोट | ३ | ० | २ | ० | ० | ९३०.२७ | ० | ५० |
| | सुर्खेत | ७ | ० | २ | ० | २० | ० | ० | १३ |
| | जाजरकोट | २ | २ | ० | ० | २ | ० | ० | १ |
| | **जम्मा** | **१५** | **२** | **४** | **०** | **२५** | **१४९०.२७** | **१** | **६५** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ढुङ्गा पल्टनु | दैलेख | १ | ० | १ | ० | १ | ० | ० | ० |
| | **जम्मा** | **१** | **०** | **१** | **०** | **१** | **०** | **०** | **०** |
| हिमपात | हुम्ला | १ | १ | १ | ० | १ | ० | ० | ० |
| | जुम्ला | १ | १ | ० | ० | १ | ० | ० | ० |
| | **जम्मा** | **२** | **२** | **१** | **०** | **२** | **०** | **०** | **०** |

(स्रोतः सन् २०११ जनवरी देखि सन् २०२२ मार्चसम्मको प्रहरी घटना दर्ता)

(माथि उल्लेखित तालिकामा शुन्य घटना दर्ता भयका जिल्लाहरूको नाम समावेश गरिएको छैन।

## ३. खानेपानी, सरसफाइ तथा स्वच्छता

बि. सं. २०७६ (सन् २०१९) को मिक्स (Multiple Indicator Cluster Survey) को प्रतिवेदन अनुसार हालसम्म नेपालमा आधारभूत खानेपानी सेवाको पहुँच पुगेको जनसँख्या ९५.४%, आधारभूत सरसफाइ सेवामा पहुँच पुगेको जनसंख्या ७९.२% र आधारभूत स्वच्छता सेवामा पहुँच पुगेको जनसंख्या ८०.६% छ, जस मध्ये कर्णाली प्रदेशमा आधारभूत खानेपानी सेवाको पहुँच पुगेको जनसँख्या ८८.६%, आधारभूत सरसफाइ सेवामा पहुँच पुगेको जनसंख्या ८६.२% र आधारभूत स्वच्छता सेवामा पहुँच पुगेको जनसंख्या ५५.१ % छ । सो प्रतिवेदन अनुसार कर्णाली प्रदेशको ३.५% जनसंख्यालाई सुरक्षित खानेपानीको पहुँच पुगेको देखिन्छ। सानो मर्मत सम्भार तथा व्यवस्थापनमा ध्यान दिने हो भने मात्र पनि खानेपानीका आयोजनाहरू पूर्ण रुपमा सञ्चालित भई धेरै समुदायहरूमा सुरक्षित खानेपानीको पहुँच पुग्ने देखिन्छ ।


## ४. प्रकोप जोखिम नक्सांकन


कर्णाली प्रदेशमा १० वटा जिल्लाहरू रहेका छन्, जसमा भित्री मधेश, पहाडी र हिमाली जिल्लाहरू छन्। सन् १९७१-२०१८ को NEOC MoHA को तथ्यांकको आधारमा प्रकोप घटनाहरूको संख्यालाई हेर्दा जाजरकोट, सल्यान, दैलेख, कालिकोट, सुर्खेत र हुम्ला जिल्लाहरू उच्च जोखिममा रहेका छन् ।

**प्रकोपको घटना विवरण**




**प्रकोप बाट मृत्युको विवरण**






## ५. लक्षित रणनीति

कर्णाली प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले भूकम्प, पहिरो, बाढी, आगलागि लगायतका प्रकोपहरूका घटनाबाट करिब ५४,९५६ जनसंख्या प्रत्यक्ष प्रभावित हुन सक्ने अनुमान गरेको छ ।उक्त प्रभावित जनसंख्यालाई तत्काल खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चित गरी झाडापखाला लगायत पानीजन्य रोगको प्रकोपलाई न्यूनिकरण गर्न आवश्यक समन्वय, सहकार्य र प्रतिकार्यका लागि जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका सचिवको नेतृत्वमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्लस्टर गठन भई क्रियाशील रहेको छ । कर्णाली प्रदेशका १० वटा जिल्लामा मनसुन प्रकोपबाट खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा करिब १०,९९१ घरधुरीका ५४,९५६ जना मानिसहरू प्रभावित हुनसक्ने देखिन्छ ।

कर्णाली प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले विशेष गरी विपद् मा परेका बालबालिकाहरू, अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई विचार गरी अस्थायी आश्रयस्थलका साथै प्रभावित समुदायमा सुरक्षित खानेपानीको पहुँच र मर्यादित सरसफाइ मापदण्ड अनुसारको प्रयोगकर्ता मैत्री शौचालय, हात धुने, नुहाउने ठाउँ र स्वच्छता सुविधा सुनिश्चित गर्न आवास्यक समन्वय तथा सहकार्य गर्दछ ।

## ६. बाढी, पहिरो, चट्याङ बाट प्रभावित हुन सक्ने लक्षित घरधुरी तथा जनसंख्या

यस प्रदेशमा बर्सेनि हुने बाढी, पहिरो, चट्याङ आदिबाट प्रभावित हुन सक्ने लक्षित घरधुरी तथा जनसंख्याको विवरण यस प्रकार अनुमान गरिएको छ ।

तालिका नं ३: विभिन्न प्रकोपबाट जिल्लागत प्रभावित हुन सक्ने घरधुरी एवम् जनसंख्या २०७९/८०

| जिल्ला | अनुमानित घरधुरी | अनुमानित जनसंख्या | पुरुष | महिला | केटा | केटी | अपांगताभएका व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| कालिकोट | २०७ | १०३५ | ५०७ | ५२८ | १९७ | २०७ | ९ |
| जाजरकोट | ९४६ | ४७३१ | २३१८ | २४१३ | ८९९ | ९४६ | ४३ |
| दैलेख | १२६१ | ६३०४ | ३०८९ | ३२१५ | ११९८ | १२६१ | ५७ |
| सुर्खेत | ५००७ | २५०३७ | १२२६८ | १२७६९ | ४७५७ | ५००७ | २२५ |
| प. रुकुम | १२८२ | ६४०९ | ३१४० | ३२६९ | १२१८ | १२८२ | ५८ |
| सल्यान | १४२६ | ७१२८ | ३४९३ | ३६३५ | १३५४ | १४२६ | ६४ |
| डोल्पा | १८५ | ९२३ | ४५२ | ४७१ | १७५ | १८५ | ८ |
| हुम्ला | ४८ | २४२ | ११९ | १२३ | ४६ | ४८ | २ |
| मुगु | ८० | ३९८ | १९५ | २०३ | ७६ | ८० | ४ |
| जुम्ला | ५५० | २७४९ | १३४७ | १४०२ | ५२२ | ५५० | २५ |
| **जम्मा** | **१०९९१** | **५४९५६** | **२६९२८** | **२८०२८** | **१०४४२** | **१०९९१** | **४९५** |

*Note: The caseload on landslide is based on historical reported data on casualties (2010-2020) from DRR Portal (MoHA)/Bipad/NDRRMA and scientific data from Durham. Since the historical casualty's data include both direct and indirect impacted population due to landslide, the caseload estimated should also be considered accordingly*

## ७. खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था

प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले निम्न लिखित अवस्थालाई हेर्नेछः

- ❒ खानेपानी र सरसफाइका क्षतिग्रस्त सुविधाहरूको सुधार गर्ने,
- ❒ पानीजन्य रोगहरूको जोखिम न्यूनिकरण गर्ने क्रियाकलापहरू संञ्चालन गर्ने,
- ❒ सम्भावित जोखिम र प्रकोप कम गर्न घरायसी, समुदायिक र संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरू यथासिघ्र पूनःसुचारु गर्न समन्वय गर्ने र
- ❒ महिला (गर्भवती र स्तनपान गराउने), किशोर किशोरी, बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति लगायत सेवामा पछाडि पारिएका समूहहरूमा आधारभूत खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सुनिश्चितता गर्न समन्वय गर्ने।

## ८. प्रमुख चुनौतीहरू

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा निम्न बमोजिम प्रमुख चुनौतीहरू रहेका छनः

- ❒ भौगलिक, भौतिक संरचना एवम् मौसमका कारण विपद् व्यवस्थापनमा कठिनाई रहेको,

- ❒ खानेपानी तथा सरसफाइ क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यका लागि न्यून बजेट विनियोजित हुनु,
- ❒ खानेपानी तथा सरसफाइ क्षेत्रमा उपलब्ध स्रोत साधन भन्दा जनस्तरबाट माग बढी हुने,
- ❒ गाउँ बस्तिहरूमा बजारको सुविधा नभएकाले स्थानीयस्तरमा तत्काल उद्दार एवम् राहत सामाग्रीहरूको अभाव हुने,
- ❒ छरिएको वस्ती, यातायात, विद्युत र संचारको अभावमा द्रूतगतिमा सर्वेक्षण र क्षतिको एकीन विवरण प्राप्त गर्न कठिनाइ हुने ।

## ९. उद्देश्य

आपतकालीन पूर्व तयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य प्रकोप प्रभावित समुदायहरूको तत्कालीन खानेपानी, सरसफाइ तथा स्वच्छता आवश्यकताहरूलाई सम्बोधन गर्नुका साथै संयुक्त प्रयास र सहकार्यमा मानवीय क्षति हुन नदिन गरिने प्रयास हो। त्यसैले कर्णाली प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिबाट केही विशिष्ट उद्देश्यहरू तय गरिएको छ, जुन निम्न बमोजिम छन्:

- ❒ प्रदेशस्तरीय पूर्वतयारी तथा प्रतिकार्य योजना विकास गर्न एक मार्ग निर्देशन कार्यविधि तयार गर्ने छ ।
- ❒ खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरूको विकास र कार्यान्वयनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका सरोकारवालाहरूलाई दिशानिर्देश गर्नेछ ।
- ❒ समन्वयकारी भूमिका निर्वाह गरी सरोकारवालाहरूको पहिचान तथा नक्साङ्कन गरी सेवा विस्तार गर्न सहजीकरण गरिने छ ।
- ❒ महामारी न्यूनिकरण पूर्वतयारीका लागि नियमित रूपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरूको निरन्तरतामा जोड दिइनेछ ।

त्यस्तै, विभिन्न तहका समन्वय समितिले प्रभावकारी रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवर्द्धन गर्नका लागि बहुक्षेत्रगत समन्वय तथा सहकार्यका माध्यमबाट हुने सुरक्षा जोखिमलाई ध्यान दिएर प्रमुख नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

## १०. प्रतिकार्यका प्राथमिकताहरू

विपद्को अवस्थामा पालिका वा पालिकास्तरीय समितिहरूले तत्काल सम्वोधन गर्नुपर्ने प्रमुख कार्य तथा प्रतिकार्यहरू प्राथमिकताको आधारमा निर्धारण गरिन्छ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रलाई लक्षित गरिएको हुँदा यसको प्राथमिक आवश्यकता विपद् प्रभावित समुदायमा तत्काल खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सुचारु गराउने र जनधनको क्षति हुन नदिनु नै हो। पालिका वा पालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता जस्तो जिम्मेवार निकायले पालिका भित्रका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका साझेदार तथा सरोकारवाला संघसंस्था बीच प्रभावकारी समन्वय सहित जोखिम नियन्त्रण र प्रकोप विस्तारलाई रोक्न आवश्यक कदम चाल्नु तत्कालका लागि प्राथमिक प्रतिकार्य हो। पालिका तथा प्रदेशले तत्कालका लागि निम्न पाँच (५) प्राथमिकता क्षेत्र तोकी क्रियाकलापहरू सन्चालन गर्नेछ, जसबाट पानीजन्य रोगहरूको उत्पति र विस्तार तत्काल रोक्न सकिन्छ।

- ❒ **सुरक्षित खानेपानी:** आवश्यक मात्रामा पिउन, खाना पकाउन र घरायसी तथा व्यक्तिगत स्वच्छताका लागि सुरक्षित खानेपानीमा न्यायोचित पहुँचको सुनिश्चितता गर्ने ।

- ❒ **सरसफाइः** विपद् प्रभावितहरू रहेको स्थानमा आवश्यकता अनुसारको अस्थायी शौचालयको तत्काल स्थापना गरी त्यस्ता शौचालयहरू अस्थायी आवाशको वरिपरि नै सुरक्षित र मर्यादित ढङ्गबाट स्थापना गर्ने व्यवस्था गर्ने। विपद् प्रभावितहरूले चौविसै घण्टा शौचालय प्रयोग गर्न सक्ने गरी सहज पहुँचको सुनिश्चितता गर्ने।
- ❒ **स्वच्छता प्रवर्द्धनः** सांस्कृतिक संवेदनशिलतालाई समेत ख्याल गरी विपद् प्रभावितहरूको स्वच्छता अभ्यासका लागि आवश्यक सूचना सहित स्वच्छता आनीबानी र सुविधाहरूको प्रयोग र व्यवस्थापन सिप तथा ज्ञानको सुनिश्चितता गर्ने।
- ❒ **ठोस तथा तरल फोहोर व्यवस्थापनः** विपद् प्रभावित समुदाय ठोस तथा तरल फोहोरको कारण जोखिममा पर्न सक्ने सम्भावनालाई ध्यानमा राखी तत्काल फोहोर) औषधीजन्य फोहोर सहित (को प्रभावकारी व्यवस्थापन र सुरक्षित बिसर्जनको सुनिश्चितता गर्ने।
- ❒ **महामारी नियन्त्रणः** विपद् प्रभावित समुदाय तथा परिवारलाई स्वस्थ्य जोखिम र पानीजन्य सरुवा रोगहरूको प्रकोपबाट बचाउन तत्काल आवश्यक उपायहरूको सुनिश्चितता गर्ने।

## ११. विपत पूर्वतयारीका रणनीतिक क्रियाकलापहरू

विपत पूर्वतयारीका रणनीतिक क्रियाकलापहरू निम्न अनुसार रहनेछन्:

- ❒ प्रदेश, जिल्ला र पालिकास्तरका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूलाई सक्रिय गराई क्षमता अभिवृद्धि गर्ने ।
- ❒ विपद्/मनसुनबाट प्रभावित हुने जनसंख्याको प्रक्षेपण गरी पूर्वतयारी तथा प्रतिकार्य योजना सबै तहमा निर्माण तथा अद्यावधिक गर्ने ।
- ❒ बाढी तथा पहिरोबाट उत्पन्न हुने जोखिमको जिल्ला तथा पालिका स्तरमा नक्साङ्कन गर्ने।
- ❒ प्रत्येक जिल्ला तथा पालिकाहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको संयोजनका लागि जिल्ला तथा पालिकाहरूलाई वाश सम्पर्क व्यक्ति तोक्न लगाउने । यस प्रक्रियाको सहजीकरणका लागि साझेदार संस्था बाट एक जना सम्पर्क व्यक्ति तोकी जिम्मेवारी बाँडफाँट गर्ने।
- ❒ पहिचान गरिएका अतिजोखिमयुक्त समुदाय, वडा, वस्ति तथा पालिकामा विपतको समयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको सेवा व्यवस्थापन, नियमितता, जनचेतना अभिवृद्धिका लागि आवश्यक पर्ने स्वयंसेवक परिचालन, क्षमता अभिवृद्धि र आवश्यकता अनुसार परिचालनका लागि अभिलेख तथा विवरण अध्यावधिक गर्ने ।
- ❒ पानीजन्य रोग तथा रोगथाम सम्बन्धी सचेतनामूलक सामग्री उत्पादन तथा वितरण गर्ने ।
- ❒ सेल्टर प्लानको सुरक्षित स्थान (आवाश क्षेत्र) पहिचान गर्न सहयोग गर्ने।
- ❒ विपद सेल्टरमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आवश्यक व्यवस्थापनका लागि चाहिने न्युनतम मापदण्ड निर्धारण गर्ने। तत्काल राहतका सामाग्रीहरू र कोषको व्यवस्था गर्ने।
- ❒ विपद्सँग सम्बन्धित सरोकारवाला निकायहरूको विवरण सङ्कलन गर्ने।
- ❒ विपद्सँग सम्बन्धित स्थानीय तह, दातृ निकाय तथा अन्य संघसंस्थासँग समन्वय तथा सहकार्य गर्ने।

## १२. प्रतिकार्यका मुख्य क्रियाकलापहरू

प्रतिकार्यका प्रमुख क्रियाकलापहरू निम्न अनुसारका हुनेछन ।

- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको आपतकालीन जोखिमको द्रुत सर्भेक्षण गरी तत्काल सहयोग गर्ने।
- प्रतिकार्य लगायतका कार्यका लागि सरोकारवाला निकायहरू र स्थानीय तहसम्म प्राविधिक पक्षबाट सहयोग तथा समन्वय गर्ने ।
- प्रभावकारी प्रतिकार्यका लागि  अन्तर क्लस्टर समन्वय गर्ने ।
- सेल्टर/समुदायमा महामारीजन्य रोगबाट बच्न जनचेतनामूलक सामाग्रीहरूको सूचना सम्प्रेषण गर्ने जसका लागि एफ. एम्. रेडियो बाट जिंगल प्रसारण गर्ने तथा आ.इ.सी. (Information Education and Communication) सामग्री वितरण गर्ने ।
- सेल्टर/समुदायमा आवश्यक पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छताका सेवाको अवस्था लेखाजोखा गर्ने र अभाव पहिचान गरी मापदण्ड बमोजिम खानेपानीको नियमित आपूर्तिका लागि खानेपानी प्रणालीको तत्काल मर्मत, जडानका लागि पाइप, पानी टंकी आदि सहयोग र आपतकालीन शौचालय निर्माण तथा हातधुने स्थानको जडान गर्ने ।
- सेल्टरमा वातावरण, लैङ्गिक मैत्री तथा संरक्षणको एकीकृत कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्को अवस्थामा विपदबाट प्रभावित समुदाय तथा सेल्टरमा तालिम प्राप्त स्वयंसेवक परिचालन गरी आवश्यक पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सबैमा पँहुच सुनिश्चितता गर्ने ।

## १३. प्रतिकार्य कार्यान्वयनका मापदण्डहरू

कर्णाली प्रदेशस्थित कुनै पनि जिल्ला, पालिका र समुदायमा बाढी, पहिरो वा अन्य कुनै यस्तै प्रकृतिका घटनाहरू घटेको खण्डमा, घटना घटेको २४ घण्टा देखि ७२ घण्टा भित्र प्रदेश खानेपानी, सरसफाइ तथा स्वछता समन्वय समितिको निर्देशनमा जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अन्तर्गत खानेपानी सरसफाइ स्वच्छता क्लस्टरको संयोजकत्व तथा क्लस्टर सह-संयोजकको सहजीकरणमा सम्पूर्ण वाश क्लस्टरका सदस्यहरू एवम् अन्य सम्बन्धित सरोकारवालाहरूको सहयोगमा तोकिएको समय सीमा भित्र प्रकोपबाट प्रभावित समुदायलाई तत्काल राहत प्रदान गरिने छ। उक्त राहतलाई पारदर्शी एवम् प्रभावकारी बनाउन तपशिल बमोजिका मापदण्ड अनिवार्य लागु गराइने छ ।

**तालिका नं ४: प्रतिकार्य कार्यान्वयनका मापदण्डहरू**

| समय/दिन | प्रतिकार्यका चरणहरू | जिम्मेवार निकाय |
|---|---|---|
| २४ घण्टा भित्र | विपद् भएको ठाँउको तत्काल वाश अवस्थाको पहिचान  गर्न सम्बन्धित पालिका तथा जिल्लास्तरीय वाश क्लष्टरसँग समन्वय गर्ने । | प्रदेशस्तरीय वाश क्लस्टर लिड तथा को-लिड |
| | प्रकोप प्रभावित क्षेत्रका पालिका तथा जिल्लासँग समन्वय गरी क्षतिको सूचना सङ्कलन गर्ने | " |
| | प्रकोप प्रभावित क्षेत्र तथा सेल्टरहरूमा खानेपानी, सरसफाइ तथा | |

| | | |
|---|---|---|
| | स्वच्छता अवस्थाको यकीन गरी आवश्यकता पहिचान गर्ने । | " |
| | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी राहत सामाग्रीको उपलब्धता विवरण यकीन गर्ने । | " |
| | पालिका तथा जिल्ला तहका समन्वय समिति तथा वाश क्लष्टरहरूलाई सक्रिय गराउन सहजिकरण गर्ने । | वाश क्लस्टर लिड/को-लिड |
| | पहिले भण्डारण गरिएका बस्तुहरूको पुनः जानकारी लिने र साथै आवश्यक पर्ने थप सामग्रीहरू खरिदका लागि आवश्यक पहल गर्ने । | वाश क्लस्टर/सम्बन्धित वाश सरोकारवाला |
| | तत्काल प्रकोप प्रभावित व्यक्ति तथा समुदायलाई जीवन रक्षाका लागि स्थानीय निकायसंगको समन्वयमा वाश सम्बन्धी राहत सामाग्री उपलब्ध गराउने (ढुवानी तथा विवरण) | " |
| | P-WASH-CC को बैठक बस्ने, आवश्यकता अनुसार वाश प्राबिधिक टिम गठन गर्ने । | वाश क्लस्टर लिड/को-लिड |
| | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सचेतनामूलक सन्देश सम्प्रेषण गर्ने । | " |
| ७२ घण्टा भित्र | विपतको मात्रको गाम्भीर्यताको आधारमा वा अनुरोध आएमा सम्बन्धित जिल्ला/पालिका स्तरमा थप प्रतिकार्य सहयोगका लागि थप प्रतिकार्य टोलि खटाउने । | P-WASH-CC को निर्देशनमा वाश क्लस्टर बाट |
| | सूचना व्यवस्थापन पद्दति व्यवस्थित गर्दै 4Ws (Who,When,Where,What) प्रतिवेदन गर्ने | वाश क्लस्टर को-लिड |
| | सेल्टर, स्वास्थ्य एवं पोषण जस्ता क्लस्टरहरूसंग समन्वय गरी संभावित विपतको सूचना आदानप्रदान गर्ने । | P-WASH-CC |
| ७२ घण्टा देखि ४ दिन सम्म | सूचनाको आधारमा माहामारी फैलिन नदिन अन्य क्लष्टरहरूसँग समन्वय गरी स्वच्छता प्रवर्धन गर्न क्रियाकलापहरु सञ्चालन गर्ने । | वाश क्लस्टर लिड |
| | वाश क्लस्टरले केस लोड पत्ता लगाई प्रतिकार्य योजना निर्माण एवम् कामको बाँडफाँड गर्ने । | सम्बन्धित स्थानीय तहसँगको समन्वयमा वाश क्लस्टर |
| | स्थानीय तहसँगको समन्वयमा सेल्टरमा रहेका प्रभावित समुदायलाई लाइफ सेभिङ वाश सामग्रीहरू उपलब्ध गराउने । | सम्बधित सहयोगी निकायहरू/संस्थाहरू |
| ४ दिन देखि ८ दिन सम्म | आइ.आर.ए. (Initial Rapid Assiessment) को प्रतिवेदनका आधारमा आवश्यक थप प्रतिकार्यको लागि विभिन्न निकायहरूसँग समन्वय गरी स्रोत साधनको बन्दोबस्ती गर्ने । | गृह मन्त्रालयको निर्देशनमा सम्वन्धित जिल्ला विपद् व्यवस्थापन समितिको सहयोगमा रेडक्रस सोसाईटी |
| ८ दिन देखि १४ दिन सम्म | आवश्यकता पहिचान गरी क्लस्टरको प्रतिकार्य योजना, पूनप्राप्ती योजना वा रणनीतिक योजना निर्माण गर्ने तथा थप सहयोगको लागि सरकार एवम् गैरसरकारी संस्थाहरूलाई आह्वान गर्ने । | WASH-CC को निर्देशनमा वाश क्लस्टरका सदस्यहरू |

## १४. विपद् पूर्वतयारीका प्रमुख क्रियाकलाप तथा कार्ययोजनाहरू

विपदपूर्वतयारीका प्रमुख क्रियाकलाप तथा कार्ययोजनाहरू निम्न अनुसारका हुनेछन ।

**तालिका नं ५: विपद् पूर्वतयारीका प्रमुख क्रियाकलाप तथा कार्ययोजनाहरू**

| क्र.सं. | प्रमुख क्रियाकलाप | ईकाइ | संख्या | लागत (रु. हजार) | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसिमा |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठक | वटा | ५ | १०० | वाश क्लष्टर लिड तथा को-लिड | प्रदेशस्तरीय वाश क्लष्टर सदस्यहरू | वैशाख, असार, श्रावण, भदौ, पुष |
| २. | प्रदेशस्तरीय वाश क्लस्टरको नियमित बैठक | वटा | १० | १०० | " | प्रदेशस्तरीय वाश क्लष्टर सदस्यहरू | प्रत्यक महिना/दुई महिना |
| ३. | मनसुनबाट प्रभावित हुने जनसंख्याको प्रक्षेपण गर्नुका साथै मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी | वटा | १ | १०० | " | जिल्ला र पालिकास्तरीय वाश क्लष्टर सदस्यहरू | वैशाख |
| ४. | जिल्ला तथा पालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति तथा वाश क्लष्टरको गठन तथा नियमित बैठक | वटा | १०६८ | ९०० | वाश कलस्टर लिड तथा को-लिड | प्रदेश, जिल्ला र पालिकास्तरीय वाश क्लष्टर सदस्यहरू | हरेक महिनाको पहिलो हप्ता |
| ५. | जिल्ला तथा पालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (वाश) प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक गर्ने | पटक | ८९ | २७०० | वाश कलस्टर लिड तथा को-लिड | प्रदेश, जिल्ला र पालिकास्तरीय वाश क्लष्टर सदस्यहरू | मनसुन शुरुहुनु भन्दा १ महिना अगाडि वा आवश्यकता अनुसार |
| ६. | खानेपानी तथा सरसफाइ क्षेत्रका सरोकारवालाहरूको नक्साङ्कन तथा सम्पर्क व्यक्तिको सूची अद्यावधिक गर्ने | वटा | ८९ | | " | " | नियमित |
| ७. | प्रदेश, जिल्ला तथा स्थानीय तहमा वाश क्षेत्रका स्रोत व्यक्तिको क्षमता विकास तथा सम्पर्क सूची तयार | पटक | ८९ | ३६०० | " | प्रदेशस्तरीय वाश क्लष्टर सदस्यहरू | नियमित |

| क.सं. | प्रमुख क्रियाकलाप | ईकाइ | संख्या | लागत (रु. हजार) | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसिमा |
|---|---|---|---|---|---|---|---|
| ८. | पानीजन्य रोग तथा रोकथाम सम्बन्धी आईसी सामाग्री उत्पादन तथा वितरण गर्ने | पटक | १ | १००० | " | " | मनसुन सुरु हुनु अगाडि |
| ९. | पानीजन्य रोग तथा रोगथाम सम्बन्धी सचेतनामूलक सन्देश तयारी तथा सम्प्रेषण गर्ने | पटक | ५०० | १००० | " | " | नियमित |
| १०. | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी राहत सामाग्रीहरूको सूची तयार गरी सहज रुपमा उपलब्धताका लागि सहयोगी निकायहरूको सूची तयार गर्ने | पटक | ३ | ० | " | " | वैशाख, असार, पुष |
| ११. | विपद प्रतिकार्यका लागि खानेपानी, सरसफाइतथा स्वच्छतासामाग्री खरिद, भण्डारण तथा विभिन्न सेल्टरका लागि ढुवानीको व्यवस्था गर्ने | पटक | ६ | ५००० | " | प्रदेशस्तरीय वाश क्लष्टर सदस्यहरू | जेठ तथा आवाश्यक अनुसार |
| १२. | विपद प्रतिकार्यका लागि वाश सम्बन्धी न्यूनतम सामाग्रीहरू प्रत्येक जिल्लाका खानेपानी सिँचाई तथा ऊर्जा विकास कार्यालयमा मौज्दात गर्ने । | पटक | ३० | ५००० | संघिय कार्यालय | प्रदेशस्तरीय वाश क्लष्टर सदस्यहरू | वैशाख तथा आवाश्यकता अनुसार |
| १३. | विपदमा वाश सम्बन्धी थप राहत सामाग्री खरिदका लागि निजी क्षेत्रको सुची तयार गरि खरिद सम्झौता गर्ने | पटक | १० | ५००० | प्रदेशस्तरीय वाश क्लष्टर सदस्यहरू | " | वैशाख |
| १४. | तत्काल राहत सहयोगका लागि वाश विपद कोषको स्थापना गर्ने | वटा | ११ | ५५०० | प्रदेशस्तरीय वाश क्लष्टर लिड तथा को-लिड | वाश क्लष्टर सदस्यहरू | आवश्यकता अनुसार |
| १५. | वाश बिपद् कोषको सहज परिचालनका लागि | पटक | १ | १०० | P-WASH- | " | आवश्यकता अनुसार |

| क्र.सं. | प्रमुख क्रियाकलाप | ईकाइ | संख्या | लागत (रु. हजार) | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसिमा |
|---|---|---|---|---|---|---|---|
| | कार्यविधि तर्जुमा तथा स्वीकृत गर्ने | | | | CC | | |
| १६. | प्रत्येक पालिकामा पहिचान भएका विपद् मा शेल्टरका रुपमा प्रयोग हुने सम्भावित विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक भवनमा वाश सुविधाको मर्मत तथा सुधार गर्ने । | वटा | ५० | १००० | पालिकाको वाश सी.सी | प्रदेश, जिल्ला र पालिकास्तरीय वाश क्लष्टर सदस्यहरू | आवश्यकता अनुसार |
| | **जम्मा (रु. हजारमा):** | | | २७२०० | | | |

## १५. विषयगत क्षेत्रको पूर्वानुमानमा आधारीत पूर्वतयारी योजना

**तालिका नं ६:**

| सि.नं. | विपद्को पूर्वानुमान | क्षेत्र/स्थान | क्रियाकलापहरु | मूख्य जिम्मेवार निकाय | सहयोगि निकाय | अनुमानित लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १. | बाढी, पहिरो, अतिवृष्टी | कर्णाली, तिला, भेरी आदी नदीहरू अन्तर्गतका तटीय क्षेत्रहरू | जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान नियमित हेरी क्लष्टरमा जानकारी गराउने । | प्रदेशस्तरीय वाश क्लष्टर तथा को-लिड | वाश क्लष्टर सदस्यहरू | ५० |
| | | | वाश क्लष्टरका सदस्यहरूको फेसबुक, म्यासेन्जर, इमेल तथा एस.एम.एस समुह बनाई नियमित जानकारी गराउने । | " | वाश क्लष्टर सदस्यहरू | १०० |
| | | | जल तथा मौसम पूर्वानुमान तथा सम्भावित जोखिमबारे स्थानीय सञ्चार माध्यमबाट सूचना संप्रषण गर्ने । | " | " | ५०० |
| | | | प्रत्यक पालिकामा तोकिएको सेल्टरहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था सुपरिवेक्षण तथा सुधार कार्य गर्ने । | जिल्ला र पालिकास्तरीयवाश क्लष्टर लिड तथा को-लिड | " | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | हिमपात, हिमपहिरो | हुम्ला, जुम्ला, मुगु र डोल्पा जिल्लाका उत्तरी भेगहरू | माथिका जस्तै क्रियाकलापहरू | प्रदेशस्तरीय वाश क्लष्टर लिड तथा को-लिड | " | ५०० |
| ३. | आगलागि | सबै जिल्लाहरू | माथिका जस्तै क्रियाकलापहरू | " | " | ५०० |
| | **जम्मा (रु. हजारमा):** | | | | | २,६५० |

## १६.. विपद् प्रतिकार्यको कार्ययोजना

विपद प्रतिकार्यको कार्ययोजना निम्न अनुसारका हुनेछन ।

**तालिका नं ७:**

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **ईकाइ** | **संख्या** | **लागत (रु. हजारमा)** | **जिम्मेवार निकाय** | **सहयोगी निकायहरू** | **समयसिमा** |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला तथा स्थानीय स्तरमा WASH-CC को तत्काल बैठक बस्ने | वटा | ५० | ५०० | जिल्ला र पालिकास्तरीय वाश क्लष्टर लिड तथा को-लिड | वाश क्लष्टर सदस्यहरू | २४ घण्टा भित्र |
| २. | विपदको अवस्था र प्रकृति अनुसार द्रुत सर्वेक्षण गरी प्रतिबेदन तयार गर्ने | वटा | ५० | ५०० | जिल्ला तथा स्थानीय तहमा WASH-CC | " | २४ घण्टा भित्र |
| ३. | प्रदेशस्तरीय WASH क्लस्टरको आकस्मिक बैठक बस्ने | संख्या | ३ | ५० | प्रदेशस्तरीय वाश क्लष्टर लिड तथा को-लिड | " | २४ घण्टा भित्र |
| ४. | विपदबाट प्रभावित जनसमुदाय तथा बसोबास गरेका क्षेत्र तथा सेल्टरमा तालिम प्राप्त स्वयंसेवक परिचालन गर्ने | जना | १०० | १००० | प्रदेशस्तरीय वाश क्लष्टर लिड तथा को-लिड | वाश क्लष्टर सदस्यहरू | २४ घण्टा भित्र |
| ५. | पानीजन्य रोग तथा रोकथाम सम्बन्धी सचेतनामूलक सूचना स्थानीय सञ्चार माध्यमहरूबाट सम्प्रेषण गर्ने | पटक | ५० | ५०० | " | " | २४ घण्टा भित्र |
| ६. | प्रभावित परिवारलाई आवश्यकता अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सामाग्री (खानेपानी | वटा | २००० | २००० | " | " | २४ घण्टा भित्र |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | ईकाइ | संख्या | लागत (रु. हजारमा) | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयसिमा |
|---|---|---|---|---|---|---|---|
| | शुद्धिकरणका लागि पिउस/अक्वाट्याब र बाल्टी/जग, स्वच्छता सामग्री) तत्काल उपलब्ध गर्ने | | | | | | |
| ७. | वाश क्लस्टरले केस लोड पत्ता लगाइ प्रतिकार्य योजना निर्माण एवम् कामको बाँडफाँड गर्ने | पटक | २ | १०० | " | " | २४ घण्टा देखि ४८ घण्टा सम्म |
| ८. | प्रभावित क्षेत्रको खानेपानी गुणस्तर परीक्षण तथा प्रशोधन गर्ने | संख्या | १०० | १००० | " | संघीय खानेपानी तथा ढल व्यवस्थापन सुर्खेत | २४ घण्टा देखि ४८ घण्टा सम्म |
| ९. | प्रभावित परिवारलाई प्रतिकार्य योजना अनुसार थप सामाग्री उपलब्ध गराउन खरिद तथा ढुवानी गर्ने | संख्या | ५००० | ५००० | प्रदेशस्तरीय वाश क्लष्टर लिड तथा को लिड | वाश क्लष्टर सदस्यहरू | २४ घण्टा देखि ७२ घण्टा सम्म |
| १०. | सेल्टर/समुदाय, विद्यालय, स्वस्थ्य संस्थाहरूमा आवश्यक पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको अवस्थाको लेखाजोखा गरी सोको व्यवस्थापन गर्ने | संख्या | ५० | ५००० | " | सम्बन्धित पालिकाको वास सी.सी | २४ घण्टा देखि ४८ घण्टा सम्म |
| ११ | सेल्टर, स्वस्थ्य एवं पोषण जस्ता क्लस्टर सँग समन्वय गरि विपद्को सूचना आदान प्रदान गर्ने | संख्या | ५० | ० | " | " | २४ घण्टा देखि ४८ घण्टा सम्म |
| १२ | सूचनाको आधारमा माहामारी फैलिन नदिन अन्य क्लष्टरहरूसंग समन्वय गरी स्वच्छता प्रवर्धन गर्ने खालका क्रियाकलाप सञ्चालन गर्ने | संख्या | ५० | ४००० | प्रदेशस्तरीय वाश क्लष्टर लिड तथा को लिड | सम्बन्धित पालिकाको वास सी.सी | ४८ घण्टा देखि ७२ घण्टा सम्म |
| १३ | आइ.आर.ए. को प्रतिबेदनका आधारमा आवश्यक थप प्रतिकार्यको लागि विभिन्न निकायहरूसंग समन्वय गरि श्रोत साधनको बन्दोबस्ती गर्ने | पटक | ५ | ५०० | " | " | ४८ घण्टा देखि ७२ घण्टा सम्म |
| १४ | खानेपानी तथा सरसफाइ सेवाको अनुगमन तथा | पटक | ५ | ५०० | " | " | नियमित |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | ईकाइ | संख्या | लागत (रु. हजारमा) | जिम्मेवार निकाय | सहयोगी निकायहरू | समयसिमा |
|---|---|---|---|---|---|---|---|
| | सुपरिवेक्षण गर्ने | | | | | | |
| १५ | प्रदेशमा विपदको खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको समिक्षा गर्ने | पटक | ३ | ३०० | " | " | आवश्यकता अनुसार |
| | **जम्मा (रु.हजारमा):** | | | २०,९५० | | | |

## १७. खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला

खानेपानी विना मानिसहरूको दैनिक जनजीवनको कल्पना पनि गर्न नसकिने हुँदा विपद्को अवस्थामा झन् खानेपानी नै प्रमुख सरोकार र आवश्यकताको विषयबस्तु हुने गर्दछ। विपद्को अवस्थामा पनि मानिसहरूलाई बाँच्न र स्वस्थ रहन सुरक्षित खानेपानीको उपलब्धता सुनिश्चित गर्न अत्यावस्यक हुन्छ। विपद् प्रभावितहरूका लागि उपलब्ध हुने खानेपानीको गुणस्तर न्यूनतम मापन पूरा गरेको हुनुपर्दछ। उद्धारको अवस्थामा र उद्धार पश्चात शिविरको वसाइको क्रममा पनि खानेपानी र खानेपानी सम्बन्धी आपूर्तिमा न्यूनतम गुणस्तर कायम भएको हुनुपर्छ। त्यसैले पानीको गुणस्तर नियमित रुपमा अनुगमन गरी नियमन गर्नका लागि र विपद् प्रभावितहरूको जीवन रक्षाको लागि प्रदेश, जिल्ला र पालिकास्तरमा खानेपानी गुणस्तर परीक्षण किटको व्यवस्था गरिनेछ। त्यस्तै, विपद्को अवस्था तथा सामान्य अवस्थामा पनि पानीको गुणस्तर नियमित रुपमा अनुगमन गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन विभाग र कर्णाली प्रदेश अन्तर्गतका प्रदेशस्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाहरूसँगको समन्वयमा खानेपानीको गुणस्तर परीक्षण गरिने छ ।

## १९. मौजुदा कोषको स्थिति

मनसुन लगायत विभिन्न विपदहरूको पूर्वतयारी तथा व्यवस्थापनका लागि नगर/गाउपलिका, जिल्ला र प्रदेशस्तरमा विपद व्यवस्थापन कोष स्थापना गरिएको हुनेछ। यस प्रकारको कोषमा प्रयाप्त बजेट नभएको अवस्थामा स्वीकृत वार्षिक बजेटबाट यस्तो रकम उपलब्ध गरिने छ । स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने कार्य सम्बन्धित नगर/गाउँपलिका, जिल्ला र प्रदेशको हुनेछ। साथै थप आवश्यकता सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक संघ सस्था तथा निजि क्षेत्रसँग समन्वय गरिने छ ।

## २०. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको तत्काल सहयोग गर्न मिल्ने राहत सामाग्रीको मौजुदा अवस्था

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको तत्काल सहयोग गर्न मिल्ने राहत सामाग्रीको मौज्दात निम्न अनुसार रहेको देखिन्छ।

**तालिका नं ८: बिषयगत क्षेत्रको स्रोत साधनको उपलब्धता, स्थान र समय**

| कर्णालीप्रदेश वाश क्लस्टरको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं** | **विवरण** | **ईकाइ** | **उपलब्धता** | **अनुमानित लागत (रु हजारमा)** | **सामाग्री वा क्षमता रहेको स्थान** | **समयावधि** | **कैफियत** |
| १ | हाइजिन किट | सेट | १५१३ | ३०२६ | सुर्खेत र नेपालगंज | १ देखि ४ घण्टा भित्र विपद् ब्यबस्थापन समितिलाई उपलब्ध गराउन सक्ने | |
| २ | प्लाष्टिक जग/बाल्टी | वटा | १८१५ | ९०७.५ | " | " | |
| ३ | अक्वाट्याव | वटा | ५००० | २५ | " | " | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पानी टंकी ५०० लि. | वटा | १० | १२५ | " | " | |
| ५ | हेण्डवाश स्टेशन | वटा | १२ | ३६ | " | " | |
| ६ | अस्थायी चर्पि | वटा | १२३ | २२१४ | " | " | |
| ७ | तारपलिन | मिटर | ११६१ | २३२२ | " | " | |
| ८ | आई.ई.सि मेटेरियल | सेट | १०००० | १००० | " | " | |
| ९ | रेडियो कार्यक्रम | पटक | १०१०० | १०१० | " | " | |
| १० | तालिम प्राप्त जनशक्ति | जना | ९४ | ४७० | " | " | |
| ११ | पानी परीक्षण भ्यान | वटा | १ | १०५ | सुर्खेत | " | भाडामा |
| १२ | बिपद् आक्समिक कोष | रकम | ३०००० | ३०० | सुर्खेत र नेपालगंज | " | |
| | **जम्मा** | | | **११५४०.५** | | | |

## २०. खानेपानी, सरसफाइ तथा स्वच्छता कलस्टरको मनसुन द्रुत प्रतिकार्य सदस्यहरू

**तालिका नं ९:**

| सरोकार वाला निकाय | निकायको कार्यक्षेत्र | सम्पर्क व्यक्ति / वैकल्पिक सम्पर्क व्यक्ति | पद | सम्पर्क नं | ईमेल |
|---|---|---|---|---|---|
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | प्रदेशका सबै जिल्लाहरू | गोपाल शर्मा | सि.डि.ई | ९८५११४६५९९ | dhital.gopalsharma@gmail.com |
| | | कमला खान | अधिकृत छैटौं | ९८६४७९७२७३ | gyawalikamala99@gmail.com |
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | प्रदेशका सबै जिल्लाहरू | रमेश सुवेदी | सि.डि.ई | ९८५८०४८५९९ | rsubedi_7@yahoo.com |
| | | विशेष शर्मा | ईन्जिनियर | ९८६८१३७५२७ | bishesh.sharma992@gmail.com |
| सामाजिक विकास मन्त्रालय स्वास्थ महाशाखा | प्रदेशका सबै जिल्लाहरू | वृर्ष बहादुर शाही | स्वास्थ्य महाशाखा प्रमुख | ९८५८०३२७७५ | brishjee@gmail.com |
| | | राम बहादुर बुढा | अधिकृत | ९८४८०५०७८६ | norbuchhiring@gmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना सुर्खेत | प्रदेशमा आवश्यकता अनुसार | देवेन्द्र झा | प्रमुख | ९८५११५१००४ | fwssmp.surkhet@gmail.com |
| | | सुरथ कुमार पुरी | सहायक स्तर पाचौं | ९८५८०७४२२२ | surathpuri24@gmail.com |
| युनिसेफ | प्रदेशका सबै जिल्लाहरू | कटक बहादुर रोकाया | कार्यक्रम अधिकृत | ९८५८०८५५०४ | kbrokaya@unicef.org |
| | | विश्वराज भट्ट | कार्यक्रम अधिकृत | ९८५८०८५५१२ | brbhatt@unicef.org |
| प्लान इन्टर नेसनल नेपाल | जुम्ला, कालिकोट, सुर्खेत | दीपेन्द्र सिंह सामन्त | Program Coordinator | ९८०१२४१२३४ | deependra.samant@planinternatonal.org |
| | | वेद प्रसाद डाँगी | WASH Program Coordinator | ९८०१२४१२३४ | bedprasad.dangi@plan_international.org |
| सेभ द चिल्ड्रेन | बराहताल र विनपा सुर्खेत आठविस, चामुण्डा, ठाटिकोट, नारायण, दुल्लु दैलेख, भेरी, छेडागढ, कुशे, शिवालय जारजरकोट, शुभकालिका र तिलागुफा कालिकोट | दिपेन्द्र सिंह ठकुरी | Children Project Coordinator | ९८४८०२१८१० | dipendra.thakuri@savethechildren.org |
| | | रोशन जोशी | Construction Coordinator | ९८४१०३९०३५ | rosnan.joshi@savethechildrean.org |
| हेल्भेटास | सुर्खेत दैलेख कालिकोट र जाजरकोट | मदन भट्ट | Team Leader | ९८५८०५१९०२ | Madan.Bhatta@helvetas.org, |
| | | निलकण्ठ पाण्डे | Capacity Building officer | ९८५७०३८७२७ | nilkanth.pandey@helvetas.org |
| SNV Nepal | वि.न.पा सुर्खेत र | पार्वती दंगाल | WASH Officer | ९८५१३१४१६७ | pdangal@snv.org |

| | | | | | |
|---|---|---|---|---|---|
| | चन्दनाथ जुम्ला | मन्जु भट्ट | WASH Officer | ९८४८८५२३१५ | manjubhatta77@gmail.com |
| UNDP | प्रदेशस्तर | रफिक सिद्दिकि | Head of Office | ९८५११००७७९ | rafeeque.siddiqui@undp.org |
| UNDP/Super | प्रदेशस्तर | यमुना सिलवाल | प्रदेश संयोजक | ९८४१४८८३८४ | yamuna.suwal@undp.org |
| किर्डाक | सुर्खेत दैलेख कालिकोट जुम्ला हुम्ला मुगु र डोल्पा | नविन कुमार शाही | Program Manager | ९८४८२५१४७९ | nshahi@kirdarc.org |
| | | असिम पौडेल | Meal Officer | ९८४९२३७७०३ | apoudel@kirdarc.org |
| सुआहारा | कर्णाली प्रदेशका ५ वटा जिल्लाहरू (सुर्खेत, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सल्यान) | सुरज कुमार शर्मा | Program Coordinator | ९८०१२४८६०१<br>९८५११४९१७३ | sksharma@hki.org |
| | | बलराम सिग्देल | Regional WASH Coordinator | ९८४२३१६९३५ | balram.sigdel@enpho.org |
| नेपाल रेडक्रस सोसाईटि सुर्खेत | वाश कलस्टर सदस्य | राम लाल आचार्य | Chairperson Surkhet Chapter | ९८५८०५२३१० | nrcs.skt@gmail.com |
| | | गोविन्द आचार्य | District Chapter Executive officer Surkhet | ९८४८०२४३२६ | nrcs.skt@gmail.com |
| इन्फो | सुआहारा कार्यक्रमका जिल्लाहरू | अनिल महर्जन | Project Coordinator | ९८५१२३३९२५ | anil.maharjan@enpho.org |
| | | अजय नकर्मी | Officer | ९८५५०२८२०२ | ajay.nakarmi@enpho.org |
| युयसए आइडी | स्वच्छता कर्यक्रमका जिल्लाहरू | बिबि थापा | Officer | ९८४९७७३८१७ | bthapa@devworks.org |
| | | बिष्णु कटुवाल | Officer | ९८५८७५२०६४ | bkatuwal@devworks.org |

| | | | | | |
|---|---|---|---|---|---|
| सुस्वा कार्यक्रम | मुग, जुम्ला, कालिकोट, दैलेख सुर्खेत | नारायण खवाश | Technical Specialist | ९८४१२४९३९६ | nkhawash@gmail.com |
| | | विमल चन्द्र शर्मा | M&E Coordinator | ९८४१२७८७८९ | coord@suswa.org |
| KWA dai – USAID | मुगु, जुम्ला, कालिकोट, दैलेख र सुर्खेत | नारायण वाग्ले | CDOP | ९८५६०३७६५१ | narayan_wagle@dai.com/ |
| | | भुपेन्द्र शाही | WBC Specialist | ९८४१३३४९८६ | bhupendra_shahi@dai.com |
| Mercy Corps भकारी | जुम्ला, कालिकोट, दैलेख, सुर्खेत र मुगु | डम्मर वोहरा | Officer | ९८४८४३८१३२ | dbohara@mercycrops.org |
| GWT | जाजरकोट-भेरी न.पा र रुकुम पश्चिम-चौरजहारी न.पा | रोहित तुम्वाहाङ्फे | Officer | ९८४२०५८९९६ | hsd@hqgws.org |
| सुन्दर नेपाल | वी.न.पा सुर्खेत | मनु साप्कोटा | WASH Officer | ९८४८०३९६८२ | manu.sappy@gmail.com |
| स्याक नेपाल | सुर्खेत, जाजरकोट | रेशम चन्द | Field Coordinator /WASH Focal Person | ९८४८०५०३५४ | rchand7@gmail.com |
| EDS, सुर्खेत | विरेन्द्रनगर न.पा, सुर्खेत | तेज प्रसाद पौडेल | Officer | ९८४८०३०४१५ | tejpaudel415@gmail.com |

## २१. जिल्लागत रुपमा लिड सम्पर्क ब्याक्तिहरू

### क. वाश क्लष्टर लिडको विवरण

**तालिका नं १०:**

| सि.नं. | जिल्ला | सस्थाको नाम | नाम | सम्पर्क न | ईमेल |
|---|---|---|---|---|---|
| १. | सुर्खेत | खानेपानी सिंचाई तथा ऊर्जा विकास निर्देशनालय | श्रीधर भट्टराई | ९८५८०२७९६६ | wsiedo.surkhet@gmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | दैलेख | खानेपानी सिँचाई तथा ऊर्जा विकास कार्यालय | टोपेन्द्रसुन्दर मल्ल | ९८५८०२७०२६ | wridd.dailekh@gmail.com |
| ३. | जाजरकोट | " | ज्वालाराज शाही | ९८५८०८८३२५ | wiedojajarkot@gmail.com |
| ४. | रूकुमपश्चिम | " | तेजनारायण महतो | ९८५४०२१४३१ | iddrukum@gmail.com |
| ५. | सल्यान | " | पदमराज देवकोटा | ९८४९७५३९९७ | mwidsdno.2@gmail.com |
| ६. | डोल्पा | " | नविन थापा | ९८५८३६६२६५ | wsiedodolpa@gmail.com |
| ७. | जुम्ला | " | अनुप श्रेष्ठ | ९८५११७४४८९ | mwiddno5jumla@gmail.com |
| ८. | मुगु | " | राजिव रिमाल | ९८५८३२२२०१ | wiedo.mugu@gmail.com |
| ९. | हुम्ला | " | अक्कल बहादुर महत | ९८४८३४४९८४ | idsdhumla@gmail.com |
| १०. | कालिकोट | " | मंगल शाही | ९८५८०६६६३३ | winedokalikot@gmail.com |

**ख. वाश क्लष्टर को- लिडको विवरण**

**तालिका नं ११ः**

| **सि. नं** | **जिल्ला** | **सस्थाको नाम** | **नाम** | **सम्पर्क न** |
|---|---|---|---|---|
| १. | सुर्खेत | स्याक नेपाल | मनराज आचार्य | ९८४८०७७४४१ |
| २. | दैलेख | एस एन भि नेपाल | राम प्रकास सिंह | ९८४२०३१९२९ |
| ३. | जाजरकोट | हेल्भेटास नेपाल | निलकण्ठ पाण्डे/ रविन्द्र गोदार | ९८५७०३८७२७/९८५७०६८०६८ |
| ४. | रूकुमपश्चिम | सुआहारा | निमराज के.सी. | ९८४४९४०९२२ |
| ५. | सल्यान | सुआहारा | निमराज के.सी. | ९८४४९४०९२२ |
| ६. | डोल्पा | डिकेड | हरिप्रसाद डाँगी | ९८५८३९०१६५ |
| ७. | जुम्ला | किर्डाक नेपाल | रविन प्रसाद शर्मा | ९८६९१२७१३३ |
| ८. | मुगु | हिरिसडेक | मिन रावल | ९८५८३२२१२३ |

| | | | | |
|---|---|---|---|---|
| ९. | हुम्ला | एस आई डि सि | गोविन्द शाही | ९८५८३२१०२० |
| १०. | कालिकोट | किर्डाक नेपाल | तुलाराम पाण्डे | ९८४८३०१४६२ |

## २२. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रतिकार्यका लागि तालिम प्राप्त जनशक्तीको बिवरण

**तालिका नं १२ः**

| सि. नं | जिल्ला | पालिका/मन्त्रालय | नाम | सम्पर्क नं | इमेल |
|---|---|---|---|---|---|
| १. | सुर्खेत | वीरेन्द्रगर नगरपालिका | नविन कुमार शाही | ९८४८२५१४७९ | nshahi@kirdarc.org |
| २. | सुर्खेत | " | लिलाराज न्यौपाने | ९८४८३०६५० | |
| ३. | सुर्खेत | " | राजेन्द्र जैसी | ९८६६०३५५६० | rajenraj331@gmail.com |
| ४. | कालिकोट | तिलागुफा गा.पा | विक्रम बहादुर शाही | ९८५८३२०१२६ | |
| ५. | सल्यान/ रूकुमपश्चिम | बाग्चौर न.पा | निराजन के. सी. | ९८४४९४०९२२ | nimraj.kc@enpho.org |
| ६. | सुर्खेत | विरेन्द्रनगर न.पा | राजु चौधरी | ९८५१२०७६९० | raju.chaudhary@enpho.org |
| ७. | सल्यान | शारदा न.पा | पवन कुमार ओली | ९८५७८४४५५० | poli@devworks.org |
| ८. | सल्यान | " | सोविता बस्नेत | ९८४७८८६९४० | basnet.sobita4@gmail.com |
| ९ | सुर्खेत | ज.उ. मन्त्रालय | कमला खान | ९८६४७९७२७३ | Gyawalikamala99@gmail.com |

## २३. आपूर्तिकर्ताको सूची

मागको आधारमा तत्काल सामाग्रि उपलब्ध गराउन सक्ने केहि आपुर्तिकर्ताको सूचीः

**तालिका नं १३ः**

| क्र.सं. | आपूर्तिकर्ताको नाम | सम्पर्क न. | ठेगाना | उपलब्ध सामाग्रीहरू |
|---|---|---|---|---|
| १ | प्रकाश भाडा पसल | ९८४८०५१९७९ | वीरेन्द्रगर सुर्खेत | सबै प्रकारकारका भाँडाकुडा |
| २ | कौशल हार्डवेर | ०८३५२०६७० | वीरेन्द्रगर सुर्खेत | सबै प्रकारकारका हार्डवयर सामान |
| ३ | कर्णाली इन्जिनियरिङ्ग वर्कशप | ९८५८०५०७४७ | वीरेन्द्रगर सुर्खेत | ह्यान्ड वासिंङ्ग स्टेशन सप्लायर्स |

| | | | | |
|---|---|---|---|---|
| ४ | शिभान्श ट्रेड एण्ड सप्लायर्स | ९८६५१३०८३० | वीरेन्द्रगर नगरपालिका-३, सुर्खेत | मास्क, स्यानिटाईजर, तारकोलिन हाइजिन किट पोलिथिन, पाइप, पानी ट्यांकी, विपद् उद्धार सामग्री,हार्डवयर सामन |
| ५ | आशिस प्लास्टिक एण्ड जनरल स्टोर | ९८४८३१९९८० | वीरेन्द्रगर नगरपालिका-३, एरीचोक | सबै प्रकारका प्लास्टिक |

यसका साथै सुआहारा कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशका निम्न जिल्लामा स्वच्छता पसलहरू स्थापना भई खानेपानी, सरसफाइ तथा स्वच्छता सामग्री पसल तोकेको छ । उक्त पसलबाट सरसफाइ सामग्रीहरू, शौचालयका प्यान, पाइप, सरिया, सिमेन्ट, जस्तापाता, फिल्टर, हारपिक, फिनाइल, बाल्टिन, जग आदि सामग्री उपलब्ध हुन्छन्:
सल्यानः २६ वटा, रूकुमपश्चिमः ३८ वटा, जारकोटः १८ वटा, दैलेखः ३४ वटा, सुर्खेतः २२ वटा।